नेपाल सरकार

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

(कर्मचारी प्रशासन शाखा)

फोन नं. ४२११७३२ / ४२११९३१ / ४२११७८२ / ४२११६५५

फ्याक्स नं. ४२११७२०

सिंहदरबार, काठमाडौं ।

प.सं.: ४.४.३/०७८/७९

च.नं. 206

मिति : २०७८/०५/२७

विषय : JDS (2022) छात्रवृत्तिमा कर्मचारी मनोनयन गर्ने सम्बन्धमा ।

श्री सडक विभाग ।

श्री यातायात व्यवस्था विभाग ।

श्री रेल विभाग ।

श्री नेपाल पानी जहाज कार्यालय ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
दर्ता नं.: ११५८
मिति: २०७८/५/२८

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. ०७८/०७९, च.नं. ७०, मिति २०७८/०५/२० को JDS (2020) छात्रवृत्तिमा कर्मचारी मनोनयन गर्ने सम्बन्धी पत्र पाना – १ आवश्यक कार्यार्थ यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(सोमराज बराल)

उपसचिव

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

प्रशासन महाशाखा

फोन { ४२००५०५, ४२००२९९, ४२००३०६

फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:- ०७८/७९ दर्ता नं.: २८८

चलानी नं.:- ७०

मिति:- २०७८/५/२३

श्री सबै निकाय ।

विषय:-JDS (2022) छात्रवृत्तिमा कर्मचारी मनोनयन गर्ने सम्बन्धमा।

मिति: २०७८/०५/२
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
दर्ता नं.
दर्ता मिति:-

तपसिल अनुसारको अध्ययन कार्यक्रममा तहाँ मन्त्रालय/निकाय वा अन्तर्गतमा कार्यरत निजामती कर्मचारी मनोनयन गर्ने गरी निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४० ख (३) बमोजिम गठित समितिको आगामी बैठकबाट अनुमोदन गर्ने गरी यस मन्त्रालयको मिति २०७८/०५/१८ को निर्णयबाट उक्त कार्यक्रममा उपयुक्त उम्मेदवार मनोनयन गरी मनोनित कर्मचारीको नाम, सम्पर्क नं., ईमेल ठेगाना आवश्यक कार्यार्थ अर्थ मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखामा पठाउनुहुन तथा मनोनयन गरिएका कर्मचारीको संकेत नं. समेत उल्लेख गरी सोको जानकारी यस मन्त्रालयमा समेत अनिवार्य रुपमा उपलब्ध गराउने व्यवस्था हुन आवश्यक कार्यार्थ पठाईएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

साथै, तालिम तथा अध्ययन कार्यक्रममा उम्मेद्वार मनोनयन गर्दा कार्यक्रमसँग असम्बन्धित व्यक्तिको मनोनयन भई सम्बन्धित संस्थाबाट कन्फर्मेशन नआएमा सो निकायलाई २ पटकसम्म छात्रवृत्तिमा समावेश नगर्ने भनी निर्णय भएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

छात्रवृत्तिको मनोनयनमा सम्बन्धित सेवा, समूह र श्रेणीभित्रका समावेशी महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र तथा हालसम्म अवसर नपाएका र दुर्गममा सबभन्दा बढी समय काम गरेका आधारमा कर्मचारीहरूलाई समेत प्राथमिकता दिई मनोनयन गर्नुहुन अनुरोध छ । पुनश्च: मनोनयन गरिने कर्मचारीको योग्यता विवरण JDS बाट प्राप्त ब्रोसर तथा उक्त निकायको वेबसाइटबाट समेत प्राप्त गर्न सकिनेछ ।

तपसिल:

| क.सं. | अध्ययन/तालिम/ अध्ययन भ्रमण सेमिनारको विषय | सिट संख्या | अवधि/Deadline | अवसर प्रदान गर्ने निकाय | अध्ययन/तालिम वितरण गरिएकानिकाय/ निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|
| १. | "The Project for Human Resource Development Scholarship" PhD | 2 | Academic Year 2022/2023 / October 11th, 2021 | JDS/Japan | संबै निकायले उपयुक्त निजामती कर्मचारी मनोनयन गर्ने । |
| २ | "The Project for Human Resource Development Scholarship" Master's Program | 20 | / Academic Year 2022/2023 / October 11th, 2021 | JDS/Japan | |

श्री स.स.प्रशासन महाशाखा

२०७८/०५/२०

राजन थापा

(शाखा अधिकृत)

बोधार्थ: श्री सूचना प्रविधि शाखा: सं.मा तथा सा.प्र.म., वेबसाइटमा अपलोड गरिदिन हुन ।